**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा**
**सानोठिमी, भक्तपुर**

## समकक्षता सम्बन्धी अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०८२।०२।०५**

विदेश स्थित बोर्ड, विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रमाणपत्र/डिप्लोमा तहका विभिन्न कार्यक्रमहरूमा अध्ययन गरेका नेपाली विद्यार्थीहरूले आधिकारिक निकायबाट अनुमति नलिइ नेपालस्थित अस्पताल तथा स्वास्थ्य संस्थामा प्रयोगात्मक अभ्यास गरेको पाइएकोले त्यस्ता विद्यार्थीहरूको समकक्षता निर्धारणमा समस्या हुने गरेको छ। नेपाली विद्यार्थी तथा अभिभावकहरूको हितलाई मध्यनजर गर्दै मिति २०८२ साल बैशाख मसान्त (१४ मे २०२५) सम्म अध्ययन सम्पन्न गर्ने नेपाली विद्यार्थीहरूले समकक्षताको लागि आवेदन गर्दा परिषद्को पाठ्यक्रम विकास तथा समक्षता निर्धारण विनियमावली २०८० को विनियम ३० को उपविनियम (२) सँग सम्बन्धित अनुसूची-४ मा तोकिए अनुसारका कागजातहरू पेश गरेमा प्रचलित मापदण्ड र प्रक्रियाका आधारमा समकक्षता प्रदान गर्न सकिने छ। तर सो मिति भन्दा पछि नेपालस्थित कुनैपनि संस्थामा प्रयोगात्मक अभ्यास गरेकालाई समकक्षता प्रदान नगर्ने र अध्ययन गराउने शिक्षण संस्थाले सम्बन्धित देशमै प्रयोगात्मक अभ्यास गराउँदाको आधिकारिक कागजातहरू जस्तै लगबुक, इन्टर्नसीपको अनुरोध पत्र, प्रयोगात्मक अभ्यास गरेका संस्थाबिचको सम्झौता पत्र (MoU), इन्टर्नसीप सम्पन्न पत्र लगायत आवश्यक कागजातहरू पेश गरेमा मात्र परिषद्को विनियमावली बमोजिम समकक्षता प्रदान गरिने व्यहोरा परिषद् समकक्षता निर्धारण समितिको मिति २०८२/०१/३१ को निर्णयानुसार सम्बन्धित विद्यार्थी, अभिभावक, शिक्षण संस्था, प्रतिष्ठान लगायत सबै सरोकारवालाहरुलाई जानकारी गराइन्छ।

***पुनश्चः*** *परिषद् कार्यालयबाट समकक्षता प्राप्त गरेपछि व्यावसायिक परिषद्मा नाम दर्ताका लागि सम्बन्धित परिषद्हरूको प्रचलित नियम तथा मापदण्डहरू पूरा गर्नु पर्नेछ।*

***विस्तृत जानकारीको लागि सम्पर्क फोनः ६६३०४०८, ६६३२०७३***